जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक २ २०८१ साल साउन १३ गते आइतवार (28 July 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** विमान दुर्घटनाप्रति महासंघ ... **पृष्ठ ३ मा :** रक्तसञ्चार सेवाः विगत, ... **पृष्ठ ५ मा :** सचेतनाको अभावमा अपाङहरु ... **पृष्ठ ५ मा :** अमेरिकी राष्ट्रपतीय ...

## प्रहरी अझै जिम्मेवार बन्न सकेन् : मृतकका छोरा डा. गुप्ता






**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिका ८ की ५६ वर्षिया जयमाला गुप्ताको मृत्यु घटना बारे प्रहरी अझै जिम्मेवार बन्न नसकेको मृतकका छोराले आरोप लगाएका छन् ।

पहिचान खुल्न नसकेको मोटरसाईकलको ठक्करबाट मृत्यु भएको गुप्ताको दुई महिना बितिसक्दा पनि घटनाको सत्यतथ्य पत्ता लगाउन प्रहरीले सक्रियता नदेखाएको मृतकका छोराले गुनासो समेत गरेका छन् ।

मृतक महिलाको जेठो छोरा डा. तुलाकृष्ण गुप्ताले राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी दोषी पत्ता लगाइ कारवाहीको माग गरेका छन ।

गत जेठ ९ गते नगरको नन्दलाल चौक नजिकै वेरियर क्षेत्रमा आयोजित धार्मिक समारोहमा सहभागी भई चार वर्षिय नाती रियान्ससंगै घर फर्कने क्रममा उनलाई राती ८:३० बजे तिर नम्बर खुल्न नसकेको मोटरसाईकलले ठक्कर दिएको थियो ।

गम्भीर घाईते भएकी उनलाई उपचारका लागी राती नै विराटनगर पु¥याइ नोबेल अस्पतालमा भर्ना गरिएको थियो । उपचार कै क्रममा जेठ १५ गते आमाको निधन भएको छोरा डा.गुप्ताले बताए ।

मस्तिष्कमा गहिरो चोट लागेका कारण आमाको मृत्यु भएको उपचारमा संलग्न चिकित्सकहरुले बताएको र सोको रिर्पोटहरु पनि इलाका प्रहरी कार्यालय कंचनपुरमा बुझाइसकेको उनले बताए । जुम्ला स्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एशोसिएट प्रोफेसरको जिम्मेवारीमा समेत रहेका डा.गुप्ता विगत २ महिना देखि काममा फर्कन सकेका छैनन ।

आमाको मृत्युका कारक ब्यक्ती बारे पत्ता लगाई दिन भन्दै

***बाँकी पाँच पृष्ठमा***

## नगरप्रमुख मलाहद्वारा पोखरी घाटको लागत रकम ब्याजसहित राजश्व खातामा जम्मा

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिकाका नगरप्रमुख रामलखन मलाहले आफ्नो नीजि पोखरीमा निर्माण भएको घाटको लागत खर्च र ब्याजसहितको रकम साउन ६ गते बैंकमार्फत नगरपालिकाको राजश्व खातामा जम्मा गरेका छन् ।

सोही क्रममा नीजि पोखरीमा घाट निर्माण गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि लागत रकम नगरपालिकाको राजस्व खातामा जम्मा गरेको नगर प्रमुख मलाहले जानकारी दिए । उनका अनुसार घाट निर्माणमा लगानी गरिएको ४ लाख ८४ हजार ७ सय ३० को ब्याजसहित ५ लाख ५१ हजार नगरपालिकाको खातामा जम्मा गरिएको छ ।

रकम जम्मा गर्दै उनले सार्वजनिक हितका लागि घाट प्रयोगमा कुनै बाधा नपु¥याउने प्रतिबद्धता समेत जनाए ।

नगरपालिकाको वडा नं. ८ प्रवाहा टोलस्थित रमन पोखरीमा घाट निर्माणका लागि आ.ब. ०७९/८० को ५ लाखको बजेट विनियोजन भएको थियो । सो रकम मध्ये ४ लाख ८४ हजार ७ सय ३० मा बलराम पार्वती निर्माण सेवा सप्तरीले घाट निर्माण गरेको थियो ।

पालिका प्रमुख मलाहले उक्त कार्यका लागि आवश्यक पर्ने जग्गा नगरपालिकालाई हस्तान्तरण गर्ने मन्जुरनामा गरेका थिए । मन्जुरनामा गरेको जग्गा हाल बैंकमा धितोमा रहकोले नगरपालिकालाई हालसम्म उपलब्ध गराउन सकेका थिएनन् ।

## रेल्वे लिकमा पर्दा दासले गुमाए दुवै खुट्टा

**जनकपुर**/जनकपुर-जयनगर रेल्वेको लिकमा पर्दा एकजनाले दुवै खुट्टा गुमाउनु परेको छ ।

जनकनन्दनी गाउँपालिका ३ महुवाका अन्दाजी ३५ वर्षिय श्रीराम दासले रेल्वे लिकमा परी दुवै खुट्टा गुमाउनु परेको हो ।

शनिबार बिहान ११ बजे तिर धनुषाको खजुरीस्थित रेलको लिक छेउबाट हिँडिरहेको समयमा जयनगरबाट आइरहेको रेलले हर्न दिँदा उनी अल्मलिएर रेलकै लिकमा परेका थिए ।

लिकमा अल्झिएका उनले दुवै खुट्टा गुमाउनु परेको रेल्वे विभागका प्रवक्ता प्रहरी नायव उपरीक्षक दयाराम पौडेलले जानकारी दिएका छन् । दासलाई उपचारका लागि तत्कालै जनकपुर प्रादेशिक अस्पताल जनकपुरमा भर्ना गरिएको थियो ।

विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : रुपनी गाउँपालिका, सप्तरी

## सम्पादकीय

### जलवायु परिवर्तनप्रति संवेदनशिल बनौं

आधुनिक विश्वका सबैखाले सुविधा उपभोग गरेका मुलुकसम्मले जलवायु परिवर्तनको रटान दिने गरेका छन् । अहिलेको विश्वमा सम्भवतः सबैभन्दा बढी चर्चा गरिने विषय यही नै बनेको छ । हाम्रो मुलुकको सन्दर्भमा भन्ने हो भने जलवायु परिवर्तनको असर देखिएको छ । हाम्रो नेपालमा रक्सीका भट्टीले हामीलाई मात्रै असर गरेका छन्, तर विकसित मुलुकले संचालन गरेका ठुलठूला कलकारखाना र आणविक भट्टीले विश्वका हरेक कुनामा बस्ने प्रत्येक प्राणीदेखि वनस्पतिसम्मलाई असर परेको छ । यस्ता कलकारखाना र भट्टीबाट निस्कने हरित ग्यासले सूर्य र पृथ्वीको बीचमा रहेको ओजोन तह (झलली) लाई पातलो बनाउँदै लगेको छ । यसका कारण सूर्यमा किरणले कम अवरोधका बीचमा पृथ्वीमा आएर यसको तापक्रमलाई बढाइदिएका छन् ।

हुन त डढेलो आदिले पनि ओजोन तह घटाउने काम गर्छ तर अरुजस्तो धेरै होइन । अनि वन-जंगल, हरियालीले भने हरित ग्यासको प्रदूषणलाई सोसेर ओजोन तह क्षयीकरण हुनबाट रोक्छ । मोटामोटी रुपमा जलवायु परिवर्तनको प्रस्थानबिन्दु यत्ति हो, यसको असरका आयाम भने अनेक हुन सक्छन् । यसमा दुईमत हुन सक्दैन । जलवायु परिवर्तनका लागि नेपाल कारक त हुँदै होइन, तर यसका असर भने हामीकहाँ आइपुगेका छन् । धान रोप्नका लागि महत्वपूर्ण समय मानिने असार १५ मा बीउ सुक्छ । अहिले हिउँ पग्लेर हिमालका करडजस्तै 'काला पत्थर' देखिन थालेका छन् । त्यति मात्रै होइन, सधैं हिउँले ढाक्ने सगरमाथाको फेदीका खोँचमा पर्यटक पौडी खेल्न थालेका जस्ता थुप्रै उदाहरण छन्, जसले नेपालमा जलवायु परिवर्तनले आफ्नो औकात देखाउन थालिसकेको पुष्टि हुन्छ ।

नेपालले वार्षिक ०.०२५ प्रतिशत हरित ग्याँस उत्सर्ज गर्छ जबकि अमेरिकाले २५ प्रतिशत यस्तो ग्याँस उत्सर्ज गर्छ । त्यसपछि पृथ्वी तताउन योगदान गर्न अस्ट्रेलिया, क्यानडा, रुस, चीन आदिको नाम आउँछ । तर, हामीकहाँ हुटिट्याउँले आकाश थाम्न खोजेजसरी प्रचार गरिँदै छ । यसको असर कम गर्नुत जुनजुन मुलुक यसका कारक छन् समाधान पनि उनीहरुसँगै छ । वास्तवमा भन्ने हो भने जलवायु परिवर्तनको यो अवस्था त्यत्तिकै आएको होइन । वनजंगल सखाप हुनु, धुँवा बढ्नुले जलवायु परिवर्तनको अवस्था ल्याइदिएको छ । तसर्थ जलवायु परिवर्तलाई सबै मिलेर रोक्नु जरुरी भइसकको छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# विमान दुर्घटनाप्रति महासंघ स्तब्ध र दुःखी



राजविराज/सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा परि नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष प्रकाश खतिवडाका छोरी, ज्वाई र नाबालक नातीको मृत्युको घटनाले पत्रकार महासंघ स्तब्ध भएको जनाएको छ ।

नेपाल पत्रकार महासंघ केन्द्रिय महासचिव रोशन पुरीद्वारा जारी विज्ञप्तिमा पत्रकार महासंघ सप्तरी शाखाका पूर्वसभापति एवं समाजवादी प्रेस संगठन नेपालका संस्थापक उपाध्यक्ष प्रकाश खतिवडाका छोरी प्रिजा खतिवडा, ज्वाई मनुराज शर्मा र नाबालक नाती अधिराज शर्माको दुर्घटनामा परी निधन भएको दुःखद खबरले महासंघ स्तब्ध र दुःखी भएको जनाइएको छ ।

सो दुर्घटनामा १८ जनाको ज्यान गएको कारण पहिचान गर्नका लागि सरकारद्वारा गठन गरिएको अध्ययन कार्यदलबाट निष्पक्ष छानबिनका साथै आउँदा दिनमा यस्ता दुर्घटना न्युनिकरण गर्नेतर्फ सरोकारवाला पक्षको विज्ञप्तिमार्फत ध्यानाकर्षण समेत गराइएको छ ।

विज्ञप्तिमा मृतक १८ जनैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै दुःख यस घडीमा पूर्वसभापति प्रकाश खतिवडासहित शोकसन्तप्त सबै परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना प्रकट गरिएको छ ।

बुधबार बिहान ११ बजेतिर काठमाडौंस्थित त्रिभुवन विमानस्थल नजिकै भएको दुर्घटनामा उनका २५ वर्षिया छोरी प्रिजा, ३० वर्षिय ज्वाई मनुराज शर्मा र ४ वर्षिय नाती अधिराजको मृत्यु भएको हो ।

मनुराज सौर्य एयरलाइन्समा प्राविधिक पदमा कार्यरत थिए । प्रिजा भने उर्जा मन्त्रालयमा कम्प्युटर अपरेटर पदमा कार्यरत थिइन् । मनुराज जहाज मेन्टिनेन्स (मर्मत) कार्यका लागि अन्य प्राविधिकसहितको टोलीमा पोखरा जान लागेपछि पत्नी प्रिजालाई कार्यलयबाट र छोरा अधिराजलाई विद्यालयबाट बोलाएर पोखरा घुम्न लादै थिए ।

काठमाडौंबाट पोखराका लागि उडेको सो विमान ग्राउण्ड छाड्ने बित्तिकै अनियन्त्रित भई दुर्घटनामा परेको थियो ।

दुर्घटनामा विमानमा सवार १९ जना मध्ये १८ जनाको घटनास्थलमै मृत्यु भएको छ भने पाइलट मनिष शाक्यलाई जिवितै अवस्थामा उद्धार गरि उपचारका लागि केएमसी अस्पताल भर्ना गरिएको छ ।

पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, कोषाध्यक्ष नवीन गुप्ता, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष विनय कुमार लाल कर्ण, खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार झा, महासंघका पूर्व सभापति एवं प्रेस स्वतन्त्रता सेनानी बैधनाथ झा, समाजवादी प्रेस संगठनका केन्द्रिय सदस्य सतिश कुमार दत्तले छुट्टाछुट्टै शोक वक्तव्य मार्फत घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्ति एवं शोकाकुल परिवारजनलाई धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना समेत गरेका छन् ।

# वडाअध्यक्षद्वारा कर्मचारीलाई अपहरण गर्ने धम्की

राजविराज/सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष जयप्रकाश ठाकुरले लेखापाल संजय मेहतालाई गाली गलौज गर्दै अपहरण गर्ने धम्की दिएका छन् ।

भुक्तानीको विषयलाई लिएर शुक्रबार वडा अध्यक्ष ठाकुरले धम्की दिएपछि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत उज्जवल आनन्द, जनस्वास्थ्य निरिक्षकहरु पंकज कुमार यादव, राजाबाबु मेहता, महाबिर यादव, जिन्सी शाखाका जितेन्द्र झा, सिअहेबद्वय बालकुमार यादव, दिपेन्द्र प्रसाद यादव, ल्याब टेक्निसियन राजेश यादव, लेखापाल संजय मेहता, सूचना प्रविधि अधिकृत दिपक मेहता र नायब सुब्बा अरुण यादवलगायत १५ जना कर्मचारीद्वारा हस्ताक्षरित विज्ञप्तिमा जनप्रतिनिधिले दिएको यस्तो धम्कीप्रति गम्भिर आपत्ति जनाएका छन् ।

विज्ञप्तिमा वडा अध्यक्ष ठाकुर र डोर हाजिरीमा कार्यरत कर्मचारी रामरुप शर्मा समेतले लेखापाल मेहतालाई कार्यालयको आफ्नै कक्षमा शुक्रबार काम गरिरहेको बेला भुक्तानीको विषयमा विवाद गरी दुर्व्यहार, गालिगलौज लगायत अपहरण गर्ने जस्ता डर त्रास धम्की दिएको उल्लेख छ ।

विज्ञप्तिमा धम्कीका कारण कार्यालयमा बसी कामकाज गर्न असुरक्षित महसुस भएको र कामकाज गर्न नसकिने वातावरण सृजना भएको भन्दै अमानविय घटनामा संलग्न जो कोही उपर तत्काल कडा भन्दा कडा कारवाही गर्न सम्बन्धी निकायसँग माग गरिएको छ ।

साथै दोषिहरुमाथी यथासिघ्र कडा कारवाही नभए कार्यालयमा काम गर्न नसकिने समेत जनाइएको छ ।




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# रक्तसञ्चार सेवाः विगत, वर्तमान र भविष्य

**सुदर्शनप्रसाद नेपाल**

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) स्थापना भएको तीन वर्षपछि अर्थात् २०२३ साउन १२ गते नेपाल रेडक्रस रक्तसञ्चार सेवा केन्द्रको सञ्चालन प्रारम्भ भएको हो। प्रारम्भमा वीर अस्पतालको हातामा लक्ष्मी ब्लड बैंकको रूपमा पहिलो रगत बैंक सञ्चालनमा ल्याइएको थियोर। नेपालमै पहिलो रगत बैंकको रुपमा स्थापित यस केन्द्रले एक वर्षको अवधिमा जम्मा १५७ युनिट मात्र रगत सङ्कलन गरको थियो। सुरूका दिनहरूमा रगतको किनबेच गर्ने पेशेवर व्यक्तिहरूबाट समेत रगत सङ्कलन गर्ने गरिएकामा २०३९/४० देखि त्यस्ता व्यक्तिहरूबाट रगत नलिई स्वयंसेवी रगतदाताहरूको संख्यामा वृद्धि गरी रगत सङ्कलन गर्न थालिएको हो। २०४८ चैत २४ मा तत्कालीन सरकारले रेडक्रसलाई नै नेपालभर रक्तसञ्चार सेवा सञ्चालनको एकल अधिकार दिएको थियोर। २०५० सालमा सरकारबाट रक्तसञ्चार सेवाको राष्ट्रिय नीति स्वीकृत भई लागू भएको थियोर। २०६३ सालमा उक्त नीति परिमार्जन गरी स्वास्थ्य सेवा विभागका महानिर्देशकको नेतृत्वमा राष्ट्रिय निर्देशक समिति गठन गरिएको थियोर। त्यसलाई कार्यान्वयन गर्न रक्तसञ्चार व्यवस्थापनसम्बन्धी राष्ट्रिय निर्देशिका पनि तयार गरियोर।

२०७१ मा बनेको राष्ट्रिय रक्तसञ्चार नीतिमा नेपालमा नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालन गरिएको रक्तसञ्चारलाई नै सरकारले केन्द्रमा राख्योर। सोहीअनुरूप नेपाल रेडक्रस सोसाइटीकै पहलमा काठमाडौंमा केन्द्रीय रक्तसञ्चार सेवा सञ्चालनमा छर। यसका साथै देशभर नेरेसोका १२० वटा रक्तसञ्चार सेवा केन्द्रहरू सञ्चालनमा छन। यसका साथै सरकारले रक्त सञ्चार सेवा सञ्चालनको मापदण्ड २०७२ पनि जारी गरेको छर।

सरकारले जारी गरेको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ ले रक्तसञ्चार सेवालाई थप व्यवस्थित बनाउन विभिन्न मापदण्डहरू तय गरेको छर। यसअन्तर्गत रक्त सञ्चार केन्द्रहरू ए, बी, सी, डी र ई गरेर पाँच श्रेणीमा विभाजन गरिएका छन्र। अस्पताल बाहिर सञ्चालन हुने एकल रक्तसञ्चार केन्द्रहरू भने 'ए' वर्गको हुनुपर्ने उल्लेख छर। नेपाल रेडक्रसले रक्तसञ्चार सेवा सञ्चालन जस्तो मानवीय कार्यलाई क्रमिक रूपमा नेपालभर विभिन्न स्थानमा विकास तथा विस्तार गर्दै लगेको छ। यसका अतिरिक्त संस्थागत रूपमा रगत दान गर्नेहरूको अभिरूचिमा वृद्धि भएको पाइएको छ। यस अर्थमा नेपालमा जीवन बचाउनको लागि स्वयंसेवीहरूले रक्तदान गर्ने पवित्र कार्यको संस्कार बसाल्न नेरेसोले अद्वितीय भूमिका खेलेको छ।

हाल नेपाल सरकारको राष्ट्रिय रक्तसञ्चार नीतिवमोजिम आवश्यकतामा रहेका बिरामीहरूको लागि सुलभ र गुणस्तरीय रक्तसञ्चार सेवा उपलब्ध गराउन नेपाल रेडक्रस सोसाइटीले आफ्ना देशभरीका विभिन्न निकायमार्फत् निरन्तर सेवा प्रवाह गर्दै आएको सबै सामु छर्लङ्ग छ। काठमाडौंमा केन्द्रीय रक्तसञ्चार सेवाको अलावा विराटनगर, भरतपुर, पोखरा, नेपालगञ्ज र धनगढीमा प्रदेश स्तरीय रक्तसञ्चार सेवा सञ्चालन भइरहेको छ। यसैगरी २४ जिल्लामा जिल्लास्तरीय, विभिन्न जिल्लाको ४१ स्थानबाट आकस्मिक रक्तसञ्चार सेवा प्रदान गरिएको छ। मधेश प्रदेश र कर्णाली प्रदेशमा पनि प्रदेशस्तरीय रक्तसञ्चार सेवा स्थापनाको लागि नेरेसो प्रयत्नशील छ। विभिन्न ४९ वटा अस्पतालबाट पनि रक्तसञ्चार सेवा प्रदान भइआएको छ। समग्रमा नेपालको ७३ जिल्लाका १२० स्थानमा रक्त सञ्चार सेवा केन्द्र तथा एकाइहरू क्रियाशील छन्। आर्थिक वर्ष २०७९/८० मा नेरेसोबाट सञ्चालित एकाइ तथा सेवा केन्द्रबाट दुई लाख ८१ हजार तीन सय १६ युनिट रगत सङ्कलन गर्न र तीन लाख ९१ हजार आठ सय ५३ युनिट रगत तथा रक्ततत्व बिरामीलाई उपलब्ध गराउन यो सेवा सक्षम भएको छ भने आगामी आर्थिक वर्षमा पनि विरामीको आवश्यकता अनुरूप रगत सङ्कलन गरी गुणस्तरीय सेवा पुर्‍याउने लक्ष्य रहेको छ।

प्रदर्शनी मार्ग काठमाडौंको केन्द्रीय रक्तसञ्चार सेवाको भवन २०७२ सालको महाभूकम्पले क्षति भएकाले अहिले नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालय परिसरमा बनेको अस्थायी भवनबाट सेवा पुर्‍याइएको छ। साविककै स्थानमा थाई रेडक्रसको सहयोगमा केन्द्रीय रक्तसञ्चार सेवाको आधुनिक सुविधा सम्पन्न भवन निर्माण सम्पन्न भई आन्तरिक व्यवस्थापनको कार्य भइरहेकाले निकट भविष्यमा पुनः प्रदर्शनी मार्गबाट अझ प्रभावकारी सेवा उपलब्ध गराउने तयारी भइरहेको छ।

**सुरक्षित रगतको लागि मापदण्ड परिपालन**

सुरक्षित रगत सुरक्षित रक्तदाताबाट सुरू हुन्छ। टान्सफ्यूजन ट्रान्समिसेवल इन्फेक्सनलाई दृष्टिगत गरी रक्तदान गर्ने सबै रगतदाता र विशेषगरी घुम्ती रक्तदान कार्यक्रममा रगत दान गर्ने व्यक्तिहरूको छनोटमा विशेष निगरानी गर्ने तथा विगतको स्वास्थ्यको जानकारी लिने गरिएको छ। रक्तदाता छनोट गर्दा रक्तदाताको भौतिक परीक्षणहरू गरिन्छ। सङ्कलन गरिएका सबै रगतका इकाईहरूमा एचआईभी, एचबीएसएजी, एचसीभी, सिफिलिस परीक्षणका साथै वितरणपूर्व अनुकूलता परीक्षण गरिन्छ। केन्द्रीय रक्तसञ्चार सेवामा टीटीआईएस परीक्षणको लागि अत्याधुनिक प्रविधि क्लिया शुरु गरिएको छ।

रगतको तत्व निर्माणअन्तर्गत प्लाज्मा, प्लेटलेट्स, क्रायो र क्याकसेल रे रक्तसेल, प्लेटलेट रिच प्लाज्मा, एलडिपिआरबिसी तथा अन्यको पनि निर्माण गरी आवश्यकतानुसार विरामीहरूलाई उपलब्ध गराइँदै आइएको छ। यसरी वितरण गर्दा केन्द्रीय रक्तसञ्चार सेवामा ४६.५७ प्रतिशत र देशभरि औसत कम्पोनेन्ट सेवा ३६.४१ प्रतिशत रहेको छ र भविष्यका कम्पोनेन्ट सेवा अझै थप गर्दै जाने प्रतिबद्धता पनि रहेको छ। केन्द्रीय रक्त सञ्चार सेवाद्वारा विभिन्न संघसंस्थाहरूको सहयोगमा घुम्ती रक्त सङ्कलन कार्यक्रममार्फत ८७३ वटा घुम्ती रगत सङ्कलन कार्यक्रममार्फत ३२ हजार चार सय ९९ युनिट रक्त सङ्कलन गरिएको छ, जसमध्ये २५ हजार सात सय ६० युनिट पुरूष रक्तदाताबाट र छ हजार सात सय ३९ युनिट महिला रगतदाताबाट रगत सङ्कलन भएको छ। यसरी सुलभ, गुणस्तरीय र मर्यादित सेवा नेपालको रक्तसञ्चार सेवाको मूल भावनालाई कार्यान्वयनमा लैजादै रक्तसञ्चार सेवा सुसञ्चालन गर्न नेपाल सरकारले संस्थालाई दिएको जिम्मेवारी बमोजिम केन्द्रीय रक्तसञ्चार सेवा र विभिन्न प्रादेशिक तथा जिल्ला एवं आकस्मिक सेवा केन्द्रहरुबाट रक्त उत्प्रेरणा, सङ्कलन, ल्याव परीक्षण र गुणस्तर व्यवस्थापनका कार्यहरु र वितरण सेवा सुचारु छ।

नेपाल रेडक्रस, सरोकारवाला संस्थाहरुको पैरवी र सुझावलाई मध्यनजर गरी नेपाल सरकारले देशभरि प्रविधि अनुसार सेवा शुल्कमा एकरुपता ल्याउने निर्णय गरेको छ, जुन वर्षौंदेखिको समस्या रहिआएको थियो। प्राविधिक र लागतका दृष्टिले औचित्यपूर्ण हुने गरी प्रतियुनिट सेवा शुल्कको सीमा रु.८१० देखि अधिकतम् रु.एक

*बाँकी चार पृष्ठमा*





अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी




अनुरोधकर्ता : छिन्नमस्ता गाउँपालिका, सप्तरी

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : महादेवा गाउँपालिका, सप्तरी

## रक्तसञ्चार सेवा: ...

हजार ६४० कायम गर्ने र हाल सेवा शुल्क वढी रहेका सेवा केन्द्रहरुले सोहीअनुसार समायोजन गर्ने निर्णय भएको छ । यस निर्णयले प्रविधिलाई प्रोत्साहन गरेको छ र रक्तसञ्चारमा खर्च लाग्छ भन्ने विषयलाई स्पष्ट पारी शुल्क लिन सकिने शीर्षकहरु स्पष्ट पारेको छ ।

बिरामीहरुले सहुलियतमा रगत तथा रक्ततत्व पाउने गरी सरकारसँग नेरेसोका विभिन्न रक्तसञ्चार केन्द्रहरुले अनुरोध पैरवी गरेका छन् । गण्डकी प्रदेशमा पूर्णरुपमा रगत तथा रक्ततत्व निःशुल्क कार्यक्रम सुरु भएको छ, बागमती र लुम्बिनी प्रदेशमा निश्चित सरकारी अस्पतालबाट सेवा लिनेलाई निःशुल्क कार्यक्रम सुरु भएको छ । त्यस्तै विभिन्न पालिकाहरुले आफ्ना कार्यक्षेत्रका बासिन्दाहरुलाई निःशुल्क रगत सेवा कार्यक्रम रेडक्रसको सहकार्यमा सुरु र निरन्तरता दिएका छन् । कञ्चनपुर, धादिङलगायतका जिल्ला शाखाले स्थानीय पालिकाहरुको सहकार्यमा पूर्ण निःशुल्क कार्यक्रम अघि बढाएका छन् ।

नेपाल सरकारबाट थालेसिमिया, सिकलसेल एनिमिया र हेमोफिलिया भएका १४ वर्षमुनिका बालबालिकालाई कान्ति बाल अस्पतालबाट विशेष उपचार सेवा सुरु गरिएकामा चालु आर्थिक बर्षको लागि पनि ती बिरामीको लागि सरल प्रकृयाबाट रगत उपलव्ध गराउने सम्झौता नवीकरण हुनेछ । वयस्कहरुलाई लक्षित यस्तो सेवा वीर अस्पतालमा पनि सुरु भएको छ । रक्तसञ्चार सेवाको गुणस्तर बढावा दिने हेतुले विभिन्न जिल्ला शाखाका रक्तसञ्चार केन्द्रहरुले कम्पोनेन्ट सुविधा विस्तार गरेका छन् । केन्द्रीय रक्तसञ्चार सेवामा एफरेसिस सेवा सुरु गरिएको छ । भरपर्दो क्लिया पद्धतीबाट रक्तसङ्क्रमण परिक्षण सुरु भएको छ । राष्ट्रिय जनस्वस्थ्य प्रयोगशाला, राष्ट्रिय रक्तसञ्चार व्यूरो, ग्लोबल एडभाइजरी प्यानल, जापनीज रेडक्रस, अमेरिकन रेडक्रस, थाई रेडक्रसको सहयोगमा सञ्चालित परियोजनाहरूमार्फत विभिन्न गतिविधिहरू सञ्चालन भएका छन् तथा यी परियोजनाहरूबाट प्राप्त उपकरणहरू केन्द्रलगायत विभिन्न जिल्लामा सञ्चालित रक्तसञ्चार सेवामा प्रयोगमा आएका छन् र यी उपकरणहरूबाट रक्तसञ्चार सेवाको सेवा प्रवाह र गुणस्तर अभिवृद्धिमा सहयोग पुगेको छ ।

रक्तदाता उत्प्रेरणा तथा रक्त सङ्कलन कार्यमा ब्लड डोनर्स एसोसिएसन नेपाल तथा यसमा आवद्ध संस्थाहरू, स्वयंसेवी रक्तदाता समाज तथा यसमा आवद्ध संस्थाहरू, गणेशमानसिं अध्ययन प्रतिष्ठान, सङ्कटा क्लब, फ्रेण्डस अफ आर.एच. नेगेटिभ, हाम्रो लाईफ बैंक, दीर्घायु अस्पताल, शान्तिज्ञान सत्संग भजन मण्डल, नेपाल रेडक्रस सोासइटीका विभिन्न निकायहरु, सत्यसाइ सेवा सङ्गठन, लायन्स क्लब, लियो क्लब, रोटरी क्लब, रोटर्याक्ट क्लब, नेपाल जेसिस, बैंक तथा वित्तिय सस्थाहरु, सहकारी संस्थाहरु, श्वेता रक्तदान अभियान, फ्रेस ब्लड डोनर्स, राजनीतिक दल र भातृ सङ्गठनहरु, फ्रेस ब्लड डोनर्स, नेपाल थालसेमिया सोसाइटी रेयुकाईलगायत धेरै संघ सस्थाहरूले नियमित तथा वार्षिक रूपमा रक्तदान कार्यक्रम आयोजना गरी यस सेवालाई उल्लेखनीय सहयोग पुर्‍याइरहेका छन् ।

केन्द्र तथा जिल्लामा सञ्चारमाध्यमहरुले उत्प्रेरणा र रक्तदानमा उल्लेखनीय सहयोग गरेका छन् । रक्तदाता संघ संस्थाहरुलाई नियमित रक्तदानको लागि उत्प्रेरणा र प्रोत्साहनको लागि केन्द्रीय रक्तसञ्चार सेवाबाट हरेक तीन तीन महिनाभर एक कार्यक्रममा ५० युनिटभन्दा बढी रक्तदान गराउने संघ संस्थाहरुलाई प्रसंसा टोकनबाट सम्मान गर्ने गरिएको छ । प्रदेश सरकार र नरपालिकाहरुको सहयोगमा बिरामीहरुको लागि आवश्यक ५,३३४ युनिट रगत तथा रक्ततत्व निःशुल्क उपलब्ध गराइएको छ ।

**भावी रणनीति र प्राथमिकताहरू**

स्थापनाकालदेखि विभिन्न अवस्था पार गर्दै आफ्ना सेवाहरु दिने क्रममा रक्तसञ्चार सेवामा अझै चुनौतीहरु सामना गर्नुपरिरहेको छ । आधुनिक चिकित्साको विकाससँगै रगत र रक्ततत्वको माग पनि बढिरहेको छ । यसलाई परिपूर्ति गर्न बजेटसहितको राष्ट्रिय योजनाको खाँचो देखिएको छ । रगतको चिकित्सकीय प्रयोगलाई व्यवस्थित बनाउनु पर्नेछ । हरेक सेवा केन्द्रमा आर्थिक सबलीकरणको लागि दिगो स्रोतको थप व्यवस्था गर्नुपर्ने छ । मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने सेवाको गुणस्तर अभिवृद्धि गर्न निश्चित मापदण्डको प्रविधि तथा उपकरणको व्यवस्था गर्न थप स्रोत, साधन परिचालन गर्न आवश्यक छ ।

बढी रगत माग हुने जिल्लामा माग अनुसार आपूर्ति गर्न यथेष्ट रगत सङ्कलनको लागि यस सेवालाई अझै प्रभावकारी गराउँदै लैजान, समुदायस्तरमा रक्तदाता संघ संस्था, स्थानीय निकायहरू, अस्पताल तथा स्वास्थ्य संस्थाहरूसँग समन्वय बढाउँदै लैजान एकद्धार योजना, प्रतिवेदन, सूचना आदान प्रदान र अनुगमन पद्धति चुस्त बनाउनुपर्ने देखिएको छ । सेवामा एकरुपताको लागि स्तरीय विधि, पद्धति र संरचना पुनःनिर्माण वा पुनःपरिभाषित गर्नुपर्ने छ । नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्डबमोजिम स्तर निर्धारण, मानव स्रोत व्यवस्थापन तथा उचित अनुगमन आवश्यकता देखिएको छ ।

युवा तथा महिला रक्तदाताको अनुपात अभिबृद्धि गराउन थप पहल गर्नु पर्नेछ । हाल रक्तसङ्कलनमा महिला रक्तदाता करीब १४ प्रतिशत मात्र रहेको छ । सम्बन्धित सरोकारवाला सङ्घसंस्थाहरूसँग अन्तरक्रिया कार्यक्रमहरू, रक्तदान गर्ने गराउने तथा सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी सेवामा साझा अवधारणा बनाउने र रक्तदान तथा रगतको उचित प्रयोगको चेतना बढाउनु पर्नेछ । रक्तसञ्चार सेवा देशको नागरिकको स्वास्थ्यको एक अभिन्न अङ्ग भएकोले विभिन्न तहका सरकारले गम्भीर ध्यान दिएर वार्षिक बजेट नै व्यवस्था गरी पूर्वाधार विकासदेखि गुणस्तर अभिवृद्धि तथा सेवा प्रवाहमा सहयोग पुग्ने भएकाले उक्त कदम चाल्न आवश्यक छ ।

अन्त्यमा, सरोकार राख्ने सङ्घसंस्था, स्थानीय निकाय एवं सबै नागरिकले यस मानवीय सेवामा सहयोग गर्न दायित्व महशुस गरी रक्तदान गर्न गराउन पहल र सेवालाई प्रभावकारी गराउन आवश्यक छ । रक्तसञ्चार केन्द्रले हाल आर्थिक हिसाबले घाटामा रहेर पनि जीवन बचाउने सेवा मानेर सेवालाई निरन्तरता दिइरहेको अवस्थामा संघीय, प्रादेशिक र स्थानीय सरकारबाट सेवा केन्द्रको स्तरोन्नति, गुणस्तरीयता तथा सुलभ सेवामा थप सहयोगको अपेक्षा गरिएको छ । रक्तदाताको पहिचान र सम्मान अभिवृद्धिमा सबै पक्षको योगदानको अपेक्षा गरिएको छ । सुलभ, गुणस्तरीय र मर्यादित सेवा : नेपालको रक्तसञ्चार सेवाको मूल भावनालाई कार्यान्वयनमा लैजान र नेपाल सरकारले संस्थालाई दिएको जिम्मेवारी पूरा गर्न नेपाल रेडक्रस सोसाइटी संस्थागत हिसाबले कटिबद्ध छ । (लेखक नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष हुन्) रातोपाटीबाट

# कान उपचार सेवा केन्द्रको आफ्नै भवन बन्दै

**राजविराज**/कान उपचार सेवा केन्द्रले आफ्नै भवनबाट उपचार सेवा उपलब्ध गराउने भएको छ । केन्द्रलाई समाजसेवी जोगेन्द्र भगतले २ करोड २५ लाख मुल्य बराबरको १ कठ्ठा डेढ धुर जग्गा निःशुल्क उपलब्ध गराएका छन् ।

कान उपचार सेवा केन्द्रको संचालनमा सहयोग गर्दै आएको इम्प्याक्ट नेपालका कार्यक्रम व्यवस्थापक पुष्पा भण्डारीले अबको ९ महिना भित्र केन्द्रले आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा प्रदान गर्ने भएको बताइन् ।

समाजसेवी भगतले निःशुल्क जग्गा उपलब्ध गराएपछि बुधवार भवन निर्माणको शिलान्यास कार्य पनि सम्पन्न भएको छ । उनका धर्मपत्नी ठाको देवीसहित पुगेका भगतले केन्द्रको नयाँ भवन निर्माण कार्यको शिलान्यास स्वयंले गरेका छन् ।

विगत १४ वष देखि इम्प्याक्ट नेपाल नामक गैरसरकारी संस्थाले संचालन गर्दै आएको सो कान उपचार केन्द्रको नयाँ भवन निर्माण कार्य सम्पन्न भएपछी जग्गादाता भगत दम्पतीको समेत नाम जोडी ठाको देवी-जोगेन्द्र भगत कान उपचार केन्द्र नामाकरण गर्ने समेत तयारी भएको केन्द्रको राजविराजका कानरोग सहायक प्राविधिक नरेश कुमार यादवले जानकारी दिए ।

उक्त नयाँ भवन निर्माणका लागी इम्प्याक्ट नेपालले २ करोड ५१ लाख रुपैया लगानी गरेको इम्प्याक्ट नेपालका कार्यकारी निर्देशक रमाकान्त पौडेलले बताए । ९ महिना भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी उक्त भवन निर्माण कार्यको ठेक्का काठमाण्डौंस्थित भगवती ग्रुप अफ कन्स्ट्रक्शन प्रा.लि.लाई दिइएको र तोकिएको समय भित्र अढाई तल्ले भवनको नयाँ संरचना तयार भई सेवा प्रारम्भ हुने उनको कथन छ ।

उनले इम्प्याक्ट नेपाल कै सहयोगमा सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ६ मा बर्थिङ सेन्टर निर्माण कार्य पनि थालिएको र २०८१ मंसिर १५ गते भित्र सो पालिकालाई उक्त भवन हस्तान्तरण गर्ने लक्ष्य रहेको जानकारी समेत दिए ।

# साउनको सोमबार शिवालयमा पुजा गर्नेहरुको घुँइचो

**राजविराज**/साउन महिनाको पहिलो सोमबारका दिनलाई भगवान शिवको विषेश दिनका रुपमा मानिन्छ । त्यसैले साउनको पहिलो सोमवारका दिन शिवालयहरुमा भक्तजनको भीड लाग्ने गर्छ ।

जिल्लाको हरिनन्देश्वर महादेव, शम्भुनाथ, अंकुरी महादेव, लालेश्वरनाथ लगायतका शिवालहरुमा बिहानैदेखि दुध, जल, फलफुल, बेलपत्र चढाउने र पुजाका लागी आउने भक्तजनको घुईचो लाग्ने गर्छ । साउन महिनाको सोमवार ब्रत वसेर शिवको पुजा आराधना गरे मनको इच्छा पुरा भई अटल शौभाग्य प्राप्त हुने धार्मिक विश्वास छ ।

यता साउन महिना लागे संगै हरियो साडी, चुरा, पोते र मेहेन्दीको ब्यापारमा बृद्धि भएको छ । साउन महिनामा विवाहित नारीले हरियो, पहेलो र रातो रंगका पहिरन, हरियो चुरा, हातमा मेहेन्दी लगाउने परम्परा रहेकाले यस्तो सामाग्रीको विक्री बढेको हो ।





# सचेतनाको अभावमा अपाङहरु सुविधाबाट वञ्चित : मेयर माझी



**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका नगरप्रमुख विरेन्द्र माझीले अपाङता भएका व्यक्तिका लागि राज्यले धेरै क्षेत्रमा सुविधा दिएपनि क्षणिक लाभका कारण अपाङता भएका सबै व्यक्तिहरु रातो कार्ड नै पाउनुपर्ने माग गर्ने गरेको बताएका छन्।

तिलाठी कोईलाडी गाउँपालिकाद्वारा हनुमाननगर कंकालिनी नगरपालिकामा शुक्रबार आयोजित नगरपालिका स्तरीय अपाङतामैत्री विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रममा बोल्दै नगर प्रमुख माझीले यस्तो बताएका हुन्।

“अपाङता भएका व्यक्तिलाई राज्यले धेरै क्षेत्रमा सुविधा दिएको भन्दै लोक सेवा आयोगमा अपाङ कोटा नै निर्धारण गरिएको छ, तर सबैलाई मासिक भत्ता आउने रातो र निलो रंगको परिचयपत्र नै चाहिन्छ”, उनले भने।

युनिसेफको सहयोग तथा हनुमाननगर कंकालिनी नगरपालिकाको समन्वयमा आयोजित सो अभिमुखीकरण कार्यक्रममा नगरप्रमुख माझीले अपाङता भएका व्यक्ति तथा तिनका परिवारमा सचेतना तथा जानकारीको अभावमा राज्यले दिएको सुविधा उपभोग गर्नबाट वञ्चित हुने गरेको उल्लेख गरे।

अपाङता भएका व्यक्ति तथा समाजलाई सचेत गराउनु आवश्यक भएको बताउँदै प्रमुख माझीले वडा स्तरमै जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने जानकारी समेत दिए।

हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख माझीको अध्यक्षतामा आयोजित सो अभिमुखीकरण कार्यक्रममा अपाङता राष्ट्रिय निर्देशक समितिका सदस्य सावित्रा घिमिरे र तिलाठी कोईलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले सहजीकरण गरेका थिए।

हनुमाननगर कंकालिनी नगरपालिकाको विपद् व्यवस्थापन समिति र अपाङता समन्वय समितिका पदाधिकारी तथा सदस्यहरु तथा विषयगत शाखाका कर्मचारीहरुको सहभागिता रहेको थियो।

यसअघि युनिसेफको सहयोगमा तिलाठी कोईलाडी गाउँपालिकाद्वारा कञ्चनरुप नगरपालिका, सप्तकोशी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिकामा नगरपालिका स्तरीय अपाङतामैत्री विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी एक दिने अभिमुखीकरण सम्पन्न भएको थियो।

# एक वर्षमा ८ जिल्लामा १ सय २६ जनाको हत्या

**बिरगन्ज**/सर्लाहीमा साउन ७ गते सोमबार पूर्वराज्यमन्त्री रामचन्द्र रायको हत्या भयो। आफ्नै सहयोगीबाट रायको हत्या भएको प्रहरी अनुसन्धानबाट खुलेको छ।

गत जेठ ३२ मा बाराको कलैयास्थित रामराजा बहुमुखी क्याम्पसका प्रमुख हरिभूषण कुशवाहाको हत्या भयो। गोली प्रहार गरी उनको हत्या भएको थियो। मृत्युकालीन घोषणामा कुशवाहले आफूमाथि पूर्वसैनिक जवान सुरेन्द्र कुशवाहले गोली हानेको बताएका थिए।

जेठ २९ मा पर्साको जगरनाथपुरमा झारफुकका लागि घरमा बोलाएर २ जनाको हत्या भयो। नेपाल-भारत सीमा नजिक कलैया निवासी रामएकवाल पण्डित र उनको साथी सुरेश ठाकुरको आफ्नै भतिजाबाट हत्या भयो। मधेसमा यस्ता घटना सामान्यजस्तै हुन थालिसकेको छ।

पछिल्लो समय मधेस प्रदेशमा हत्याका घटना शृङ्खलाबद्ध भइरहेका छन्। व्यक्तिगत रिसिइबी तथा सामान्यखाले विवादमा हत्याका घटना हुने गरेको प्रहरी विश्लेषण छ।

मधेस प्रहरीको तथ्याङ्कमा एक वर्षमा ८ वटा जिल्लामा १२६ जनाको हत्या भएको छ। गत आर्थिक वर्ष (०८०/०८१) प्रदेशका आठ वटै जिल्लामा गरी ७८ पुरुष र ४८ जना महिलाको हत्या भएको प्रहरीले जनाएको छ।

यो एक वर्षमा सबै भन्दा बढी धनुषामा हत्याका घटना भएका छन्। समीक्षा अवधिमा धनुषामा १४ जना पुरुष र ७ जना महिला गरी २१ जनाको हत्या भएको तथ्याङ्ग छ।

सबैभन्दा कम महोत्तरीमा हत्याका घटना भएका छन्। प्रहरीका अनुसार यहाँ ७ जना पुरुष र २ महिलाको गरी कुल ९ जनाको हत्या भएको छ।

बढी हत्या हुने जिल्लामा दोस्रो स्थानमा सिरहा छ, जहाँ एक वर्षमा ९ पुरुष र ११ महिला गरी २० जनाको हत्या भएको छ। पर्सामा १७, बारामा १४, रौतहटमा १७, सर्लाहीमा ११, सप्तरीमा १६ जनाको हत्या भएको मधेस प्रहरीको तथ्याङ्ग छ।

ती हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले १४७ जनालाई पक्राउ गरेको प्रदेश प्रहरी प्रवक्ता सुवासचन्द्र बोहराले जनाए। उनका अनुसार पक्राउ पर्नेहरूमा १२५ जना पुरुष र २२ जना महिला छन्।

अघिल्लो आर्थिक वर्ष (०७९/०८०) मा मधेसमा कुल १११ वटा हत्याका घटना भएका थिए। प्रदेश प्रहरीले उपलब्ध गराएको विवरणमा अघिल्लो वर्षमा ७० जना पुरुष र ४१ जना महिलाको हत्या भएको रेकर्ड छ। यसैगरी यो हत्याका घटनामा संलग्न रहेको आरोपमा प्रहरीले १६९ जनालाई पक्राउ गरेको तथ्याङ्ग छ।

प्रदेश प्रहरी प्रवक्ता बोहराका अनुसार पछिल्लो समयमा मधेसमा हत्याका घटना हुनुको पछाडि जग्गा जमिनको विवाद, आर्थिक लेनदेन, व्यक्तिगत रिसिइबी, सामान्य आवेग जस्ता कारणले हत्या भइरहेका छन्। यसो हुनुको पछाडि सर्वसाधारणमा नैतिक शिक्षाको कमी हुँदै गइरहेको उनको ठम्याइ छ।

अर्को कारणमा खुल्ला सीमा पनि रहेको प्रदेश प्रहरी प्रवक्ता बोहराको धारणा छ। उनले भारततिरबाट सजिलै प्रवेश पाउने भएको हुँदा पनि मधेसमा आपराधिक घटना बढेको बताए।

प्रहरीका पूर्वडीआइजी हेमन्त मल्ल मधेसतिर काम गर्ने प्रहरी कर्मचारीले सुरक्षा सम्बन्धमा बढी ध्यान नदिएको बताउँछन्। ‘काठमाडौंमा काम गर्ने प्रहरी अधिकारीलाई आफ्नो करिअरको चिन्ता हुन्छ, त्यसैले उनीहरूले पहिलो प्राथमिकतामा जनताको सुरक्षालाई राखेका हुन्छन्। तर मधेसतिर काम गर्ने कर्मचारीहरूको पहिलो प्राथमिकतामा पैसा पर्छ। जसका कारणले उनीहरू पैसा कमाउनतर्फ ध्यान केन्द्रित गर्छन्। अनि यस्ता घटना भइरहेका हुन्छन्।’

रातोपाटीबाट

### *प्रहरी अझै...*

दिनहुँ प्रहरी प्रशासनमा दौडधुप गर्दै २ महिना वितेको उनले सुनाए। उनले घटनाका सम्बन्धमा सत्यतथ्य छानवीन गर्न र दोषि पत्ता लगाउन इलाका प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र तत्कालिन गृहमन्त्री रबीलामिछाने सम्म समेत पुगेको तर अनुन्धानको आश्वासन बाहेक केही पाउन नसकिएको गुनासो समेत पोखे।

प्रहरीले गर्नु पर्ने काम आफुले गर्नु परिरहेको पीडा पोख्दै प्रत्यक्षदर्शीहरु खोज्ने र प्रहरीमा बयानका लागि पुऱ्याउने काम मै समय बित्ने गरको तर प्रहरीले आफ्नो स्तरबाट खासै सकृयता नदेखाएको उनको गुनासो छ।

मृतक महिलाका देवर विश्वनाथले घट्नाको २ महिना वित्दा पनि प्रहरीले अपराधी पत्ता लगाउन नसकेकोमा आक्रोश पोख्दै अब धर्ना, प्रर्दशन र अनशनमा बस्ने तयारीमा लागेको बताए।

यता प्रहरीले सो दुर्घट्नाबारे आफन्तले तत्कालै जानकारी नगराएको बताउँदै अनुसन्धान भने जारी रहेको जनाएको छ। घाईतेलाई अस्पताल पुऱ्याएको २ दिन पछि मात्र अस्पतालबाट आफन्तले सो घट्नाबारे जानकारी गराएको इलाका प्रहरी कार्यालय कंचनपुरका एक प्रहरी अधिकारीले बताए। यद्धपी ढिलो गरी जानकारी आएपनि प्रहरीले आफ्नो श्रोत साधन परिचालन गरी घट्नाबारे अनुसन्धान गरीरहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ।

## अन्तर्राष्ट्रिय समाचार

# अमेरिकी राष्ट्रपतीय निर्वाचनमा कमला ह्यारिसको उम्मेदवारी घोषणा

**वासिङ्टन डीसी**/अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपति चुनावका लागि आफ्नो उम्मेदवारीको आधिकारिक घोषणा गर्नुभएको छ।

“आज, मैले संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पदका लागि आधिकारिक रूपमा मेरो उम्मेदवारी घोषणा गर्ने फारममा हस्ताक्षर गरेको छु। म हरेक मत कमाउन कडा मेहनत गर्नेछु र नोभेम्बरमा हाम्रो जित हुनेछ”, कमला ह्यारिसले आफ्नो पोस्टमा भन्नुभयो।

नोभेम्बर ५ मा हुने अमेरिकी राष्ट्रपति चुनावमा उपराष्ट्रपति कमला ह्यारिसलाई डेमोक्र्याटिक पार्टीले आफ्नो उम्मेदवारको रूपमा समर्थन जनाएको छ। यसअघि शुक्रबार पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामाले अमेरिकी राष्ट्रपति पदका लागि कमला ह्यारिसलाई सार्वजनिक रूपमा समर्थन गर्नुभएको थियो। ओबामाले आफू र अमेरिकाकी पूर्वप्रथम महिला मिशेल ओबामाले नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा ह्यारिसको जीत सुनिश्चित गर्न आफूले सक्दो सहयोग गर्ने बताउनुभयो।

यस हप्ताको सुरुमा ओभल अफिसबाट राष्ट्रलाई सम्बोधन गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले कमला ह्यारिसलाई “महान उपराष्ट्रपति”को रुपमा सम्बोधन गर्नुभएको थियो। “उहाँ अनुभवी हुनुहुन्छ र राष्ट्रपति पदका लागि सक्षम हुनुहुन्छ”, बाइडेनले भन्नुभएको थियो। यसबाहेक, ह्वाइट हाउसका प्रेस सचिव करिन जिन पियरेले डेमोक्र्याटिक पार्टीबाट राष्ट्रपति उम्मेदवारका लागि कमला ह्यारिसभन्दा योग्य अरु नभएको बताउनुभएको थियो। एजेन्सी

# ओलम्पिक उद्घाटनमा गलत परिचय गराएकोमा आइओसीले माग्यो दक्षिण कोरियासँग माफी

**सियोल**/अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले शनिबार पेरिस ओलम्पिकको उद्घाटन समारोहमा दक्षिण कोरियाली खेलाडीलाई उत्तर कोरियाली भनेर गलत परिचय गराइएकोमा माफी मागेको छ। फ्रान्सको राजधानीमा आयोजित ओलम्पिकको उद्घटनमा दक्षिण कोरियाली प्रतिनिधिमण्डललाई उत्तर कोरियाको आधिकारिक नामले परिचय गराइएको थियो।

“उद्घाटन समारोहका क्रममा दक्षिण कोरियाली टोलीको परिचय गराउँदा भएको गल्तीका लागि हामी माफी माग्छौं”, आइओसीले आफ्नो आधिकारिक कोरियाली भाषाको एक्स खातामा एक पोस्टमा भन्यो। आइओसीको यस त्रुटिले दक्षिण कोरियामा अप्रसन्न प्रतिक्रिया निम्त्याएको छ।

“सन् २०२४ पेरिस ओलम्पिकको उद्घाटन समारोहमा दक्षिण कोरियाली प्रतिनिधिमण्डललाई उत्तर कोरियाली टोलीको रूपमा प्रस्तुत गरिएकोमा खेद व्यक्त गर्दछौं”, दक्षिण कोरियाको खेलकुद मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ।

देशको उप-खेलकुद मन्त्री जाङ मि-रानले यस विषयमा छलफल गर्न आइओसी प्रमुख थोमस बाखसँग छलफल गर्ने बताउनुभएको छ। दक्षिण कोरियाको राष्ट्रिय ओलम्पिक कमिटीले पनि पेरिस ओलम्पिक आयोजक समिति र आइओसीसँग भेट गरेर यस्तो गल्तीको पुनरावृत्ति रोक्न अनुरोध गर्ने र आफ्नो प्रतिनिधिमण्डलका प्रमुखको नाममा आधिकारिक विरोध पत्र पठाउने योजना बनाएको सियोलको खेल मन्त्रालयले जनाएको छ।

# इजरायली सेनाद्वारा गाजामा पुन: निकासीको आदेश जारी

**गाजा (प्यालेस्टिन)**/गत बुधबार पाँचवटा इजरायलीको शव बरामद गरेसँगै नयाँ कारवाहीको चेतावनी पछि इजरायली सेनाले शनिबार दक्षिणी गाजाको खान युनिस सहरका बासिन्दालाई पुनः नयाँ निकासी आदेश जारी गरेको छ।

गत सोमबार सेनाले यस क्षेत्रमा कारबाही सुरु गरेदेखि लडाइँका कारण एक लाख ८० हजारभन्दा बढी प्यालेस्टिनी विस्थापित भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। प्यालेस्टिनी क्षेत्रमा डरलाग्दो स्वास्थ्य र सरसफाइको अवस्था रिपोर्ट गर्दै राष्ट्रसङ्घले निकासी आदेश र शत्रुतापुर्ण व्यवहारले सहायता कार्यलाई अस्थिर बनाएको उल्लेख गरेको छ।

सुरक्षित मानवीय क्षेत्र घोषित क्षेत्रसहित खान युनिस क्षेत्रमा सेनाले निकासी चेतावनी दिएपछि स्वास्थ्य मन्त्रालयले सोमबार खान युनिसमा इजरायली कारवाहीमा ७० जनाको मृत्यु हुनुका साथै २०० भन्दा बढी घाइते भएको जनएको छ। सुरुवाती समयमा तिव्र लडाइँ भएको त्यस क्षेत्रबाट इजरायलतर्फ रकेट फायर रोक्न कार्य गर्ने जनाउदै सेनाले निकासी आदेश दिएको छ।

शनिबार, सेनाले खान युनिसका बासिन्दालाई अल-मवासीको समायोजित मानवीय क्षेत्र खाली गर्न दिएको आदेश - दोस्रो आदेश हो। प्रत्यक्षदर्शी र उद्धारकर्ताहरूले शुक्रबार पूर्वी खान युनिस वरपर लडाइँ जारी रहेको र सहरको नासेर अस्पतालमा चिकित्सकले दक्षिणी प्रान्तका विभिन्न भागहरूबाट कम्तिमा ज्ञात शवहरू ल्याइएको रिपोर्ट गरेको बताए। एजेन्सी

# विषादी व्यवसायी संघको समिति गठन




**राजविराज**/विषादी व्यवसायी संघ नेपालको जिल्ला कार्य समिति सप्तरी गठन भएको छ ।

राजविराजको राष्ट्रसेवक भवनमा आयोजिक सप्तरी जिल्ला भरीका विषादी व्यवसायहरुको जिल्ला स्तरीय भेलाबाट उक्त समिति गठन भएको हो ।

प्रभु खाद विज भण्डारका प्रोप्राईटर प्रभु प्रसाद साहको अध्यक्षतामा आयोजित जिल्ला भेलामा ९ सदस्य जिल्ला कार्य समिति गठन गरिएको छ ।

गठित समितिको अध्यक्ष सुखिलाल यादव, उपाध्यक्षमा अशोक कुमार मंडल, सचिवमा दिनेश प्रसाद यादव, कोषाध्यक्षमा रविन्द्र कुमार साह तथा सदस्यहरुमा संतोष प्रसाद साह, सवुरलाल चौधरी, अमरेन्द्र प्रसाद साह, श्याम कुमार चौधरी र निर्मला कुमारी चौधरी चयन भएका छन् ।

जिल्ला भेलामा कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किशुन देव राउत, विउ व्यवसाय संघ सप्तरीका अध्यक्ष सुर्य नारायण यादव, जिल्ला सहकारी संघ सप्तरीका प्रवन्धक रमेश गुप्तालगायतको सहभागिता रहेको थियो ।

# भ्याक्सिनेटरहरु आन्दोलित



**राजविराज**/आ.ब. २०८०/८१ को पारिश्रमिक नपाएको भन्दै जिल्ला भरका ४८ जना भ्याक्सिनेटरहरु आन्दोलित भएका छन् ।

उनीहरुले गत आ.ब.मा प्रकृयागत रुपमा काम गरेपनि पारिश्रमिक पाउन नसकेको भन्दै भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कार्यालय राजविराज परिसरमा धर्नामा बसेका छन् ।

पारिश्रमिक नपाएका ४८ जनाद्वारा हस्ताक्षरित पत्र प्रमुख जिल्ला अधिकारीलाई समेत बुझाइएको छ । सोही पत्र मुख्यमन्त्रीको कार्यालय, मधेश प्रदेश अर्थ मन्त्रालय, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जिल्ला समन्वय समिति सप्तरी तथा पत्रकार महासंघ सप्तरीलाई बोधार्थ समेत गरिएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र राजविराजको आ.ब. २०८०/८१ को वार्षिक स्वीकृत बजेट कार्यक्रम अनुसार राष्ट्रिय महामारी रोग नियन्त्रणको लागि २०८० फागुन ७ गते सूचना निकाली जिल्लाभरीको ४८ वटा भ्याक्सिनेटर नियुक्ती गरिएको थियो ।

कार्यक्रम अनुसार भ्याक्सिनेटरहरु मार्फत सम्पन्न कार्यक्रमको प्रतिवेदन समेत बुझाइसक्दा पनि २०८०/८१ को असार मसान्तसम्ममा पारिश्रमिक नपाएको पत्रमा उल्लेख छ ।

उनीहरुले आफूहरुको माग सिघ्र सम्बोधन नभए आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन् ।

# मधेश लोक सेवा आयोगमा डा. यादव नियुक्त

**जनकपुरधाम**/मधेस प्रदेशको मन्त्रिपरिषद्को बैठकले लोकसेवा आयोगको अध्यक्ष पदमा डा शिवराम यादवलाई नियुक्त गरेको छ ।

विगत पाँच महिनादेखि प्रदेश लोक सेवा आयोग पदाधिकारी विहीन हुँदा कर्मचारी भर्ना तालिका प्रकाशन, परीक्षा सञ्चालन, अर्न्तवार्ता तथा छनौट प्रक्रिया अवरुद्ध भएको थियो । २०७६ भदौ ४ गते प्रदेश लोक सेवा आयोगको गठन तथा स्थापना भएको थियो ।

गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




अनुरोधकर्ता : खडक नगरपालिका, सप्तरी

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौ: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*